मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

उद्यम २०८२/८३

**लघु उद्यम कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना।**
**दोस्रो पटक प्रकाशित मिति २०८२/१०/२५**

मन्थली नगरपालिकाको आ.व. २०८२/२०८३ को वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने भएकोले यस कार्यालयमा दर्ता/सूचीकृत इच्छुक उद्यमी, उद्यमी समूह, कृषक, पशुपंक्षी पालन, जडिबुट/ बनमा आधारित ब्यवसाय वा समुह हरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२/११/२ गते यदि सुचनाको अन्तिम मिति बिदाको दिन परेमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र पेश गर्नु पर्ने छ ) भित्र कार्यालय समयमा देहायका आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ।

| क्र.सं | कार्यक्रम | क्रियाकलाप | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यावसाय गरी रहेका उद्यमीहरुको स्तरोन्नती तालिम कार्यक्रम | व्यावसाय गरी रहेका उद्यमीहरुको स्तरोन्नती तालिम र व्यावसाय गरी रहेका उद्यमीहरुलाई प्रविधि हस्तान्तरण | ५,३०,००० | • स्तरोन्नती तालिम उद्यमीहरुले माग गरे अनुसारको मन्थली नगरपालिका बाट सञ्चालन हुने।<br>• उद्यमीहरुले माग गरे अनुसारको प्रविधि/सामाग्री ५० प्रतिशत लागत साझेदारीमा उपलब्ध हुने । |
| २ | उपमेयरसँग सीप विकास र आयआर्जन कार्यक्रम | आय आर्जनमा टेवा पुग्ने क्रियाकलाप | ५,००,००० | उद्यमीहरुले माग गरे अनुसारको आय आर्जनमुलक कार्यक्रम मा सेवा र टेवा उपलब्ध हुने।<br>• आयआर्जनमा टेवा पुग्ने सामग्री/प्रविधि भएमा ५० प्रतिशत अनुदान दिइने छ।<br>• सिप विकास कार्यक्रम भएमा प्रस्ताव अनुसार कार्यालयबाट निर्णय भए वमोजिम हुने छ। |
| ३ | उपमेयरसँग उद्यमशिलता तथा सीप विकास कार्यक्रम | मागमा आधारित सिप विकास तालिम | ५,००,००० | उद्यमीहरुले माग गरे अनुसारको सिप विकास तालिम उपलब्ध हुने छ। |
| ४ | सम्भाव्य उत्पादनको उत्पादन बृद्धि र बजार प्रतिस्पर्धा वृद्धि गर्नको लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण | समुहलाइ प्रविधि हस्तान्तरण | १,४०,००० | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम कम्तिमा २० प्रतिशत लागत साझेदारीमा प्रविधि/सामाग्री उपलब्ध हुने । |

**आवश्यक कागजातहरु**

| प्रविधिको लागि | जिविकोपार्जन सुधार कार्यक्रमको लागि |
|---|---|
| १. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन र प्रस्ताव पत्र (प्रस्ताव पत्रको ढाँचा यसै साथ उपलब्ध छ)। | १. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन र प्रस्ताव पत्र (प्रस्ताव पत्रको ढाँचा यसै साथ उपलब्ध छ) |
| २. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि। | २. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि। |
| ३. समुह दर्ता/नवीकरण र इजाजत पत्रको प्रतिलिपि। | ३. संस्था दर्ता/नवीकरण र इजाजत पत्रको प्रतिलिपि। |
| ४. सामूहिक संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि। | ४. सामूहिक संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि। |
| ५. सम्बन्धित वडाको सिफारिस पत्र। | ५. सम्बन्धित वडाको सिफारिस पत्र। |
| ६. तालिम लिएका उद्यमीको हकमा तालिमको प्रमाण पत्र प्रतिलिपि। | ६. तालिम लिएका उद्यमीको हकमा तालिमको प्रमाण पत्र प्रतिलिपि। |

| तालिमको लागि |
|---|
| १. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन र प्रस्ताव पत्र (प्रस्ताव पत्रको ढाँचा यसै साथ उपलब्ध छ)। |
| २. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि। |
| ३. समुहको निर्णय प्रतिलिपि |
| ४. वडा कार्यालयको सिफारिस |

प्रमुख प्रशासकीय अधिकृत